'समृद्ध नगर, खुशी नगरवासी'
गुर्भाकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३
फोन ०८३-४१००७२
E-mail: sktgurbhakotmun@gmail.com
Website : gurbhakotmun.gov.np

मिति : २०७७।१२।१

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निबेदन दिने बारेको सुचना।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ( प्रधानमन्त्री रोजगार कार्यक्रम ) मार्फत आगामी आर्थिक बर्ष २०७८-०७९ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्बजनिक विकास निर्माणका कार्यमा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले २०७७ चैत १५ सम्म सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन् निबेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आबस्यक न्यूनतम मापदण्ड**

१. निवेदक १८ बर्ष पुरा भइ ५९ बर्ष ननाघेको।
२. नागरिकताको प्रतिलिपि १ थान।
३. परिवारका सबै सदस्यको नागरिकता / जन्मदर्ताको प्रतिलिपि।
४. हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति।
५. सम्बन्धित वडाको स्थायी बासिन्दा / अन्यत्रबाट बसाइसराइ गरी आएमा बसाइसराइ प्रमाणपत्रको प्रतिलिपि।
६. बार्षिक आम्दानि ५१५००।- भन्दा कम भएको परिवार।
७. बैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृति लिई बैदेशिक रोजगारमा जान नपाएको भए पासपोर्टको प्रतिलिपि।
८. पुर्णरुपमा विवरण सहित रितपुर्बक निबेदन दिई कार्यक्रममा हुन् इच्छुक रहेको।

**बेरोजगार छनौट प्रक्रियाको प्राथमिकताक्रम निर्धारणका आधार**

१. कृषि उत्पादनले ३ महिना खान नपुग्ने परिवार।
२. बसोबासको लागि आफ्नै घर नभएको परिवार।
३. एकल महिला भएको परिवार।
४. दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवार।
५. कोहीपनि सदस्य स्वरोजगार नभएको वा सामाजिक सुरक्षा लगायत सरकारी कोषबाट सुविधा नलिएको परिवार।
६. सहिद तथा बेपता परिवार।
७. महिला बेरोजगार व्यक्ती।
८. बैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वकृति लिई बैदेशिक रोजगारमा जान नपाएको व्यक्ती।
९. अन्य वेरोजगार व्यक्ती।

( टेक बहादुर खत्री )
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
टेक बहादुर खत्री